# एन आई सी एशिया ग्रोथ फण्डको पछिल्लो लेखापरीक्षण भएको वित्तीय विवरण तथा इकाईधनीहरुलाई प्रतिफल सहित लगानी रकम फिर्ता भुक्तानी सम्बन्धी सूचना

एन आई सी एशिया बैंक लिमिटेड कोष प्रवर्द्धक तथा एन आई सी एशिया क्यापिटल लिमिटेड योजना व्यवस्थापक तथा डिपोजिटरी रहि एन आई सी एशिया बैंक म्युचुअल फण्ड अन्तर्गत सञ्चालित प्रति इकाई अंकित मूल्य रु.१०/- दरका ८,३५,२०,००० (आठ करोड पैतिस लाख बीस हजार) इकाई रहेको **"एन आई सी एशिया ग्रोथ फण्ड" (NIC ASIA Growth Fund)** नामक ७ वर्षे बन्दमुखी योजनाको निर्धारित समयावधि मिति २०८१/११/२८ गतेका दिन समाप्त (परिपक्व) भएको र तत्पश्चात् उक्त योजनाको नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको दफा ८.८ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ को दफा (३१) उपदफा (१) (क) बमोजिम खारेजीमा लानुपर्ने व्यवस्था रहेकोले योजनाको खारेजीको लागि नेपाल धितोपत्र बोर्डबाट मिति २०८१/१२/१२ मा स्वीकृति प्राप्त भएकोले सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ३२ (३) मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट योजना खारेज गर्न स्वीकृति प्राप्त भएपछि त्यस्तो स्वीकृति प्राप्त भएको तीन महिनाभित्र योजना अन्तर्गतको सम्पत्तिलाई नगदमा परिणत गरी इकाईधनीहरुको इकाईको स्वामित्वाको अनुपातमा रकम फिर्ता भुक्तानी गर्नुपर्ने व्यवस्था अनुरुप एन आई सी एशिया ग्रोथ फण्डको नाममा रहेको सम्पूर्ण सम्पत्तिलाई नगदमा परिणत गरी योजनाको लेखापरीक्षकबाट मिति २०८२/०२/३० गते लेखापरीक्षण कार्य समाप्त गरी लेखापरीक्षकबाट मिति २०८२/०३/०९ गतेमा योजनाको अन्तिम खुद सम्पत्ति मूल्य (Net Asset Value-NAV) प्रमाणित भएको वित्तीय विवरणको आधारमा कायम भएको अन्तिम प्रति इकाई खुद सम्पत्ति मूल्य रु.११.४३ मा प्रचलित कानून बमोजिम कर कट्टी गरी सम्बन्धित इकाईधनीहरुको हितग्राही खातामा उल्लेखित/अद्यावधिक भएको बैंक तथा वित्तीय संस्थाको खातामा सोझै जम्मा हुने गरी मिति २०८२/०३/०९ गतेदेखि प्रतिफल सहितको रकम फिर्ता भुक्तानी गर्न सुरु गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**योजना परिपक्व भएको मिति २०८१/११/२८ गतेसम्मको योजनाको लेखापरीक्षण भएको खुद सम्पत्ति विवरणः**

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | बैंक मौज्दात | ७४५,३२३,४२८ |
| २ | शेयर तथा ऋणपत्र | २११,६००,३८९ |
| ३ | मुद्धती निक्षेप | - |
| ४ | अन्य चालु सम्पत्ति | २,२०८,६०६ |
| ५ | **कूल सम्पत्ति (१+२+३+४)** | **९५९,१३२,४२२** |
| ६ | अन्य दायित्व | ३,४५३,७५२ |
| ७ | **खूद सम्पत्ति (५-६)** | **९५५,६७८,६७०** |
| ८ | जम्मा जारी इकाई संख्या | ८३,५२०,००० |
| ९ | **प्रति इकाई खूद सम्पत्ति मूल्य (७/८)** | **११.४४** |

**योजनाको लेखापरीक्षकबाट प्रमाणित अन्तिम प्रति इकाई खुद सम्पत्ति मूल्य (Net Asset Value-NAV) सम्बन्धी विवरणः**

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १ | बैंक मौज्दात | ९५४,६३८,२६२ |
| २ | **कूल सम्पत्ति** | **९५४,६३८,२६२** |
| ३ | **इकाईधनीहरुलाई वितरण योग्य रकम** | **९५४,६३८,२६२** |
| ४ | जम्मा जारी इकाई संख्या | ८३,५२०,००० |
| ५ | **प्रति इकाई खूद सम्पत्ति मूल्य (३/४)** | **११.४३** |

साथै,

१. सम्बन्धित इकाईधनीको बैंक तथा वित्तीय संस्थामा रहेको खातामा प्रतिफल सहितको योजनाको इकाई Redemption बापतको रकम जम्मा गर्दा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नियमानुसार कुनै शुल्क लाग्ने भएमा सो शुल्क सम्बन्धित इर्काधनीहरुले व्यहोर्नु पर्नेछ ।

२. योजनाको प्रतिफल सहित योजनाको Redemption बापतको रकम मिति २०८२ आषाढ ९ गतेदेखि नै फिर्ता भुक्तानी गर्न सुरु गरिएको हुँदा मिति २०८२ आषाढ ११ गतेसम्म उक्त रकम जम्मा भए नभएको एकिन गर्नुहुन अनुरोध गर्दछौं । साथै, उक्त समयभित्र जम्मा हुन बाँकी तथा विविध कारणले फिर्ता भुक्तानी हुन नसकेको विवरण एन आई सी एशिया क्यापिटलको वेभसाइटमा राखिने हुँदा सोही बमोजिम अद्यावधिक गरे पश्चात् पुन: सम्बन्धित इकाईधनीको बैंक खातामा जम्मा गरिदिने व्यवस्था मिलाइनेछ ।

३. भौतिक रुपमा इकाई धारण गरी हालसम्म पनि अभौतिकीकरण नगराउनु भएका इकाईधनीहरुले उल्लेखित प्रतिफल सहितको रकम प्राप्त गर्नको लागि यस एन आई सी एशिया क्यापिटल लिमिटेडमा निवेदन दिनु पर्नेछ । साथै उक्त निवेदन पेश गर्दा योजनाको इकाई निष्काशनको समयमा उपलब्ध गराएको विवरणसँग मिलान हुनुपर्ने तथा आफ्नो बैंक खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम, खाता नं. र हितग्राही खाता नं. स्पष्टसँग उल्लेख गरेको हुनुपर्नेछ ।

४. आफ्नो इकाई धितो राखि कर्जा उपभोग गरि रहनु भएका इकाईधनी महानुभावहरुले सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट धितो राखेका इकाई संख्या समेत खुल्ने गरी फुकुवा-पत्र एन आई सी एशिया क्यापिटल लिमिटेडमा पेश गरे पश्चात् इकाईधनीहरुको हितग्राही खातामा उल्लेख गरेको बैंक खातामा प्रतिफल सहितको रकम जम्मा गर्ने व्यवस्था गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**योजनाले विगत आर्थिक वर्षहरुमा देहाय बमोजिमको नगद प्रतिफल रकम वितरण गर्न सफल भएको छ ।**

**विगत आर्थिक वर्षहरुमा योजनाले वितरण गरेको प्रतिफलको विवरणः**

| आर्थिक वर्ष | २०७४/७५ | २०७५/७६ पहिलो वर्ष | २०७६/७७ दोश्रो वर्ष | २०७७/७८ तेश्रो वर्ष | २०७८/७९ चौथो वर्ष | २०७९/८० पाँचौं वर्ष | २०८०/८१ छैठौं वर्ष | २०८१/८२ सातौं वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गरिएको प्रतिफल दर | इकाई बाँडफाँड भएको वर्ष | १०% | १२% | ३०% | १३% | १०.५०% | ९.५०% | १४.३ % (परिपक्व भएको वर्ष) |
| योजनाले ७ वर्ष अवधिमा वितरण गरेको जम्मा प्रतिफल (प्रतिशतमा) | | | | | | | | ९९.३० |
| योजनाको औसत वार्षिक प्रतिफल दर (प्रतिशतमा) | | | | | | | | १४.१९ |

साथै योजनाले विभिन्न आर्थिक वर्षहरुमा वितरण गरेको प्रतिफल रकम समेत हालसम्म संकलन गर्न बाँकी इकाईधनीहरुको विवरण एन आई सी एशिया क्यापिटल लिमिटेडको वेभसाईटमा उक्त प्रतिफल रकम जम्मा हुन नसक्नुको कारण सहितको विवरण राखिएको हुँदा विभिन्न कारणवस प्राप्त गर्न नसक्नु भएका इकाईधनी महानुभावहरुले आ-आफ्नो हितग्राही खातामा बैंक खाता नं. अद्यवाधिक गरी वा यस क्यापिटलमा लिखित निवेदन पेश गरेर समयमा नै आफ्नो नाममा कायम प्रतिफल रकम प्राप्त गर्नुहुन विनम्र अनुरोध गर्दछौं ।


**कोष प्रवर्द्धकः**

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**

रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५१११९७७/७८/८८, फयाक्सः ९७७-०१-५१११९८०
टोल फ्री नं. : १६६०-०१-७७७७१

**योजना व्यवस्थापक/डिपोजिटरीः**

NIC ASIA CAPITAL

**एन आई सी एशिया क्यापिटल लिमिटेड**

ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com